

हिन्दु धर्मावलम्बीले मनाउँदै आएको (रविबार) पर्वको समापनको अवसरमा आइतबार धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-३ अवस्थित दुधमति नदी महिला वर्तालुहुरुले मन्दिर जाँदै । तस्बिरः निरञ्जनकुमार साह/रासस

# दलित प्राधिकरण गठन गर्न समितिको सुझाव

काठमाडौँ, २१ वैशाख (रासस) । विकास, आर्थिक मामिला तथा सुशासन समितिले दलित समुदायको अधिकार र विकासका लागि दलित विकास प्राधिकरण गठन गरी प्रभावकारी कार्यान्वयनका लागि सरकारलाई सुझाव दिएको छ । राष्ट्रियसभाको आजको बैठकमा समितिका सभापति कमला देवी पन्तले 'दलित समुदायको अधिकार तथा विकाससम्बन्धी कानुनी व्यवस्थाको आवश्यकतासम्बन्धी प्रतिवेदन, २०८१ माथि छलफल गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्दै दलित विकास प्राधिकरण गठनका लागि समितिले सुझाव दिएको जानकारी दिनुभयो । सभापति पन्तले दलित विकास विधेयक चालु अधिवेशनबाट अघि बढाउने र प्राधिकरण गठन गर्न सुझावसहित प्रतिवेदन सरकारलाई बुझाइएको जानकारी दिनुभयो। उहाँले दलितसम्बन्धी विद्यमान कानुनको प्रभावकारी कार्यान्वयनका लागि थप बलियो संयन्त्रमार्फत दलितको अधिकारलाई सुनिश्चित गरिनुपर्ने आवश्यकता भएको उक्त प्रस्ताव गरिएको स्पष्ट पार्नुभयो। दलित समुदायको विभेद र उत्पीडनहरुको अन्त्य गरी सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने सम्बन्धमा राष्ट्रियसभाबाट विसं २०७९ चैत ८ गते स्वीकृत सङ्कल्प प्रस्तावमा उल्लेखित विषयहरुको कार्यान्वयनका सम्बन्धमा निरन्तर अनुगमन एवं अध्ययनका लागि समितिअन्तर्गत गठित सङ्कल्प प्रस्ताव कार्यान्वयन अनुगमन उपसमिति क्रियाशील रहेको जानकारी दिनुभयो । दलित समुदायको अधिकार तथा विकाससम्बन्धी कानुनी व्यवस्थाको आवश्यकतासम्बन्धी प्रतिवेदन २०८१ पारित गरेको र उक्त प्रतिवेदनसभामा पेस भइसकेको उहाँले बताउनुभयो ।

प्रतिवेदनअनुसार दलित समुदायको जनसङ्ख्या करिब १४ प्रतिशत अर्थात् झण्डै ४० लाख रहेको छ । दलित समुदायमा साक्षरता दर ८३ दशमलव ८ प्रतिशत छ । भूमिविहीन दलित १३ दशमलव ६ प्रतिशत छन् । निजामती सेवामा दलितको उपस्थिति जम्मा २ दशमलव ५० प्रतिशत छ। हाल सङ्घीय संसद्मा दलितको प्रतिनिधित्व ७ दशमलव ८ प्रतिशत रहेको छ। नेपालको संविधानको धारा ४० मा उल्लेखित मौलिक हकको कार्यान्वयन, शिक्षा र स्वास्थ्यमा पहुँच हुन सकेको छैन। परम्परागत सीप, ज्ञान, मौलिक कला र पेसाको संरक्षण तथा उद्यमशीलताको विकास, जमिन र आवासको उपलब्धता, सामाजिक अन्तरघुलन, छुवाछुत र विभेदको अन्त्य तथा दलितको विकास र सशक्तीकरण गर्नुपर्ने आवश्यकता रहेको सभापति पन्तले उल्लेख गर्नुभयो ।

दलित आयोग कमजोर अवस्थामा रहेको, दलितको अधिकार कार्यान्वयनमा नियमित अनुगमन हुन नसकेको, राजनीतिक तथा नागरिक अधिकार, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार, समूहमा बाँच्न पाउने अधिकारबाट पनि दलित बञ्चित भएको प्रतिवेदनमा औँल्याइएको छ ।

यसअघि समितिका सभापति पन्तले सभामा प्रस्तुत गर्नुभएको समितिको प्रतिवेदनमाथि छलफल गरियोस् भन्ने प्रस्तावलाई बैठकको सर्वसम्मतिले स्वीकृत गरेको थियो । उक्त प्रतिवेदनमाथिको छलफलमा सहभागी सांसद पदमबहादुर परिवारले दलित समुदायको विकास र अधिकारको सुनिश्चितताका लागि चाँडो कानुन बनाउन आवश्यक रहेको बताउनुभयो । सांसद सुमित्रा विसीले दलितको अधिकारका लागि प्रतिवेदन महत्वपूर्ण रहेको बताउनुभयो । सांसद गोविबहादुर सार्की अछामीले दलितसम्बन्धी कानुनको आवश्यकता मध्यनजर गर्दै थप कानुनी व्यवस्था र संरचना स्थापित गरिनुपर्नेमा जोड दिनुभयो । सांसद युवराज शर्माले सबै क्षेत्रमा दलित समुदाय अग्रसर रहेको उल्लेख गर्दै दलित समुदायको अधिकारसम्बन्धी प्रत्येक राजनीतिक दल र समाजले यसविरुद्धमा एक भएर लाग्नुपर्नेमा जोड दिनुभयो । सांसद जयन्तीदेवी राईले दलित समुदायप्रति सामाजिक र धार्मिक रुपमा बनाएका विषयवस्तुलाई खारेज गर्नुपर्ने बताउनुभयो ।

सांसद जगप्रसाद शर्माले दलित समुदायमाथिको छुवाछुत र विभेदलाई अन्त्य गर्न आरक्षण होइन विशेष अधिकारको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद तुलसाकुमारी दाहालले विगतमा जीविकोपार्जनका लागि गरिएको काम आज सबै मानिसले गरिरहेको हुँदा यसको निरुपणमा यो दलितको मात्र नभएर आमनेपालीको दायित्व भएको बताउनुभयो । सांसदहरु भुवनबहादुर सुनुवार र तुलप्रसाद विश्वकर्मा दलितको अधिकार सुनिश्चित गर्न प्रतिवेदन महत्वपूर्ण हुने बताउनुभयो । सांसद रेणु चन्दले सामाजिक भेदभावबाट मुक्त गर्न कानुन ऐन बन्नुपर्नेमा जोड दिनुभयो । सांसद मायाप्रसाद शर्माले प्रतिवेदन विधेयकका रुपमा आउन आवश्यक रहेको बताउनुभयो ।

# पर्यटक लोभ्याउँदै चिसापानी भिरचोक सामुदायिक घरबास

गण्डकी, २१ वैशाख रासस) । रुपा गाउँपालिका भिरचोक गाउँका भोजबहादुर गुरुङ र उहाँकी श्रीमती छलुको घर आँगन देख्दै चिटिक्क छ । घरको मूल ढोकाको छेउमा भिरचोक सामुदायिक होमस्टे (घरबास) नं ९ भनेर लेखिएको सूचना झुण्ड्याइएको छ ।

उहाँहरूले घरमा तीनवटा कोठा घरबासका लागि छुटयाउनुभएको छ । बाहिर घरआँगन मात्र होइन गुरुङ दम्पतीले पाहुनाका लागि छुटयाउनुभएका कोठा सजाएर राख्नुभएको छ ।

कोठामा प्रयोग गरिने सिरकडसना पनि सफा छन् । उहाँका एक छोरा र एक छोरी वैदेशिक रोजगारीमा हुनुहुन्छ भने दुई छोरा र एक छोरी पोखरामा बस्नुहुन्छ ।

छोराछोरी बाहिर भए पनि उहाँहरू होमस्टेका माध्यमबाट पर्यटकलाई स्वागत गरिरहनुभएको छ ।

यहाँ आउने पाहुनालाई राख्ने पालो आएसँगै अतिथिलाई न्यानो आतिथ्यता प्रदान गर्दै आइएको गुरुङले बताउनुभयो । होमस्टेको नियम अनुसारका 'प्याकेज'मा कुनै कमी नहुने गरी उहाँहरूले बेलुकाको खाजा नास्तादेखि खाना र बिहानको खाजा खुवाउने गर्नुभएको छ । प्योकजका लागि प्रतिव्यक्ति रु एक हजार २०० निर्धारण गरिएको छ। कतिपय सुन्दर गाउँ रोजगारी तथा सुविधाको खोजीका नाममा खाली हुँदै गइरहेको अवस्थामा गुरुङ दम्पतीले गर्नुभएको यो प्रयास अरुका लागि पनि अनुकरणीय देखिन्छ ।

पेसाले भारतीय सेनामा रोजगारी गरी निवृत्त भएर गाउँ फर्कनुभएका गुरुङ ५१ सालपछि यहाँ बस्दै आउनुभएको छ । गाउँको स्वच्छ हावपानी छोडेर सहरतिर जान मन नलाग्ने बताउँदै उहाँले पछिल्ला समयमा गाउँमा सबै किसिमका सेवा सुविधा आइसकेका उल्लेख गर्नुभयो । "पहिला गाउँमा खानेपानीको ठूलो दुःख थियो, अहिले भने घरघरमा खानेपानीको सुविधा आएको छ", उहाँले भन्नुभयो, "पानीसँगै गाउँमा बाटो कलोपत्र भइसकेको छ, यहाँ सुविधा सबैजसो आइसकेको छ ।"

पानीको चरम असुविधाका बखत सबैभन्दा पहिले वर्ल्ड भिजन भन्ने संस्थाबाट वर्षाको पानी सङ्कलन गर्नेगरी घरघरमा घैंटो निर्माण गरिदिएको भन्दै उहाँले त्यसपछि स्थानीय खानेपानी आयोजनाबाट पानीको सुविधा प्राप्त भइरहेको जानकारी गराउनुभयो ।

गाउँको पर्यटकीय सुन्दरता र सम्भावनालाई दृष्टिगत गरी विगत एक वर्षयता यहाँका चिसापानी र भिरचोक गाउँको संयुक्त प्रयासमा चिसापानी भिरचोक सामुदायिक होमस्टे सञ्चालनमा ल्याइएको होमस्टेका अध्यक्ष धनबहादुर गुरुङले जानकारी दिनुभयो ।

होमस्टे सञ्चालनको सुरुवातसँगै विगतमा गाउँ छोडेका पनि क्रमशः फर्कन थालेका बताउँदै उहाँले आँफूहरू होमस्टेका माध्यमबाट गाउँको पर्यटकीय सम्भावनालाई उजागर गर्ने अभियानमा जुटेको उल्लेख गर्नुभयो ।

यहाँस्थित चिसापानी गाउँ करिब एक हजार ३६५ मिटर उचाइमा रहेको छ, भने नजिकै १० मिनेटको पैदलयात्रापछि भिरचोक गाउँ पुगिन्छ। समुद्री सतहबाट करिब एक हजार २३३ मिटर उचाइमा भिरचोक गाउँ रहेको छ।

चिसापानी र भिरचोक गाउँको संयुक्त प्रयासमा यहाँका ३० घरमा होमस्टे सञ्चालन भइरहेको अध्यक्ष गुरुङले बताउनुभयो ।

उहाँका अनुसार भिरचोकका ११ घर र चिसापानीका १९ घरमा होमस्टे सञ्चालन गरिएको छ। यहाँका होमस्टेमा पाहुनाका लागि सकेसम्म आफ्नै खेतबारीमा उत्पादन भएको प्राङ्गारिक खाना खुवाउने गरिन्छ ।

त्यस्तै सांस्कृतिक रूपमा उहाँका स्थानीयले पाहुनालाई गुरुङ संस्कृति अन्तरगतका सोराठी, घाटु, चरित्र, चुड्का, झोरा जस्ता विभिन्न नृत्य देखाउने गरिएको अध्यक्ष गुरुङले जानकारी दिनुभयो ।

पर्यटकले यहाँस्थित हात्तीमता भ्यु प्वाइन्टसँगै नेपालको सबैभन्दा अग्लो झण्डाको साथमा रुपाकोट काल भैरवको मन्दिर, दुर्गादेवी मन्दिर, शिव, कमलादेवी, सरस्वती बराज्यु आदि धार्मिक एवं ऐतिहासिकस्थल अवलोकन गर्न पाउँछन् ।

त्यस्तै चिसापानी मन्दिर, थाप्ले भ्यु प्वाइन्ट, बराह थोक भ्यु प्वाइन्ट, माझकोट भ्यु प्वाइन्ट, रुपाकोट रिसोर्ट, हरियो वन जङ्गल आदिको दृश्यावलोकन गर्न पाउँनु यहाँको विशिष्टता हो । यहाँबाट माछापुच्छ्रे, अन्नपूर्ण, लमजुङ हिमालका हिमाली दृश्यसँगै रुपा ताल, बेगनास ताल, फेवातालसहित पोखराको मनोरम दृश्य नियाल्न सकिन्छ ।
यस ठाउँमा तनहुँको दमौलीसहित पावर हाउस, तालचोकलगायत स्थानबाट सवारीसाधनमार्फत आउन सकिन्छ । यस होमस्टेको संस्थागत विकासको विषयलाई गाउँपालिकाले प्राथमिकतामा राखेको गाउँपालिकाका अध्यक्ष नवराज ओझाले जानकारी दिनुभयो। यस ठाउँको पर्यटन प्रवर्द्धनसँगै बेलायती युवराज चार्ल्सले पदयात्रा गरेको रोयल ट्रेकको प्रवर्द्धनलाई प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो। होमस्टे सञ्चालनलाई व्यवस्थित, प्रभावकारी बनाउने उद्देश्यका साथ यहाँका सञ्चालकलाई असल अभ्यास भएका अन्य होमस्टेमा अवलोकन भ्रमण गराइएको उहाँले जानकारी दिनुभयो । पछिल्ला समयमा होमस्टेमा संस्थागत रूपमा विभिन्न समूह आउने गरेको यहाँका होमस्टे सञ्चालक बताउँछन् ।




## Invitation for Bids

**Dewahi Gonahi Municipality, Rautahat**

Invitation for Bids No.: MUN/DEWAHIGONAHI/NCB/WORKS/01/081/82

Date of publication: 05-05-2025 06:00

1. Dewahi Gonahi Municipality, Rautahat invites sealed bids or electronic bids from Nepalese eligible bidders for the of Construction of Ekikrit dalit basti at karkach under National Competitive Bidding procedures.The estimated amount for the works is Rs. (in NRs) 9848057.68 (Exclusive of VAT and PS)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Dewahi Gonahi Municipality, Rautahat, Madhesh Pradesh, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Nabil Bank Ltd.

   Name of Office: Dewahi Gonahi Municipality, Rautahat

   Office Code no:

   Office Account no: 22901017500006

   Rajaswa (revenue) Shirshak no.: 14229
4. Pre-bid meeting shall be held at Dewahi Gonahi Municipality, Rautahat prempur Gonahi Madhesh Pradesh Nepal at 01-06-2025 10:00 hours.
5. Sealed or electronic bids must be submitted to the office Dewahi Gonahi Municipality, Rautahat, prempur, Rautahat, Madhesh Pradesh, Nepalby hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 04-06-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 04-06-2025 13:00 at the office of Dewahi Gonahi Municipality, Rautahat prempur Gonahi Madhesh Pradesh Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 295000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.